नेपाल सरकार
गृह मन्त्रालय

## सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय,
## मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय,
## भर्ना तथा छनौट शाखा, हलचोक, स्वयम्भू, काठमाडौँ

# नयाँ भर्ना सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०८०/०९/२० गते, सूचना नं. ०१(०८०/०८१)**

सशस्त्र प्रहरी बल, नेपालमा रिक्त रहेको साधारण समूह, साधारण उपसमूहतर्फ उल्लेखित पदहरूमा खुला प्रतियोगिताद्वारा पदपूर्तिका लागि देहायबमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट अनलाइनमार्फत वा रु. १०/- को टिकट टाँसी स्वयं उपस्थित भई आफूलाई पायक पर्ने सशस्त्र प्रहरी बल, नेपालको तोकिएका कार्यालयहरूमा दरखास्त फाराम बुझाउन सकिने गरी यो दरखास्त आह्वान गरिएको छ।

१. **दरखास्त लिने मिति** :- २०८०।०९।२० गतेदेखि २०८०।१०।२१ गते (सशस्त्र प्रहरी निरीक्षक र सशस्त्र प्रहरी सहायक निरीक्षक पदहरूको हकमा मात्र दोब्बर दस्तुर बुझाई मिति २०८०।१०।२२ गतेदेखि मिति २०८०।१०।२८ गते) कार्यालय समयसम्म।

२. **सम्पर्क मिति, समय र स्थान** :-

(क) अनलाईन मार्फत तोकिएको समयभित्र दरखास्त फाराम भरेका सशस्त्र प्रहरी निरीक्षक र सशस्त्र प्रहरी सहायक निरीक्षक पदका उम्मेदवारहरूले मिति २०८०।११।०२ गतेभित्र र सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड) पदको उम्मेदवारहरूले मिति २०८०।१०।२४ गतेभित्र आफूले दरखास्त आवेदन दिँदा रोजेको कार्यालयमा स्वयं उपस्थित भई सक्कलै दरखास्त फाराम बुझाउनु पर्नेछ।

(ख) सशस्त्र प्रहरी निरीक्षक मिति :- २०८०।११।१३ गते ११:०० बजे सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, हलचोक, काठमाडौँ।

(ग) सशस्त्र प्रहरी सहायक निरीक्षक मिति :- २०८०।११।१३ गते ११:०० बजे दरखास्त फाराम दर्ता गरेका सम्बन्धित कार्यालयहरूमा।

(घ) सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड) मिति :- २०८०।१०।२५ गते ११:०० बजे सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, हलचोक, काठमाडौँ।

३. **आवश्यक पद संख्या (साधारण समूह, साधारण उपसमूहतर्फ)** :-

| सि.नं. | | पद | विज्ञापन नम्बर | खुला | अमर/अशक्त स.प्र.क. सन्तति | समावेशी | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | आ/ज | मधेसी | दलित | पि.क्षे. | |
| १. | | सशस्त्र प्रहरी निरीक्षक | ०१(०८०/०८१) | ५४ | ४ | ८ | १३ | ११ | ७ | २ | ९९ |
| २. | | सशस्त्र प्रहरी सहायक निरीक्षक | ०२(०८०/०८१) | ५३ | २ | ८ | १५ | १३ | ६ | १ | ९८ |
| ३. | क. | सशस्त्र प्रहरी परिचर (भान्छे) | ०३(०८०/०८१) | ३६ | ३ | ५ | ७ | ८ | ५ | १ | ६५ |
| | ख. | सशस्त्र प्रहरी परिचर (कूचिकार) | ०४(०८०/०८१) | ५ | २ | - | २ | - | - | १ | १० |
| | ग. | सशस्त्र प्रहरी परिचर (सूचिकार) | ०५(०८०/०८१) | ३ | १ | - | - | - | - | - | ४ |
| | घ. | सशस्त्र प्रहरी परिचर (केशकर्तक) | ०६(०८०/०८१) | १ | १ | - | १ | - | - | १ | ४ |
| | ङ. | सशस्त्र प्रहरी परिचर (चर्मकर्मी) | ०७(०८०/०८१) | ३ | १ | - | - | - | १ | - | ५ |
| | च. | सशस्त्र प्रहरी परिचर (माली) | ०८(०८०/०८१) | २ | - | - | - | १ | - | - | ३ |
| | | जम्मा परिचर संख्या | | ५० | ८ | ५ | १० | ९ | ६ | ३ | ९१ |

४. **दरखास्त फाराम दर्ता गर्ने स्थानहरू:-**

**(क) सशस्त्र प्रहरी निरीक्षक र सशस्त्र प्रहरी सहायक निरीक्षक पदका लागि :-**

| सि.नं. | दरखास्त फाराम संकलन गर्ने कार्यालयहरू | सम्पर्क नं. |
|---|---|---|
| १. | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोक, स्वयम्भु, काठमाडौँ। | ०१-५२४९०२४ |
| २. | सशस्त्र प्रहरी बल, नेपाल नं. १ बराह बाहिनी मुख्यालय, पकली, सुनसरी। | ९८५१२७२०२९ |
| ३. | सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, बर्दिवास, महोत्तरी। | ९८५१२७२०२४ |
| ४. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय, पोखरा, कास्की। | ९८५१२७२०२५ |
| ५. | सशस्त्र प्रहरी बल, नेपाल नं. ५ बिन्ध्यावासिनी बाहिनी मुख्यालय, चन्द्रौटा, कपिलवस्तु। | ९८५१२७२०७८ |
| ६. | सशस्त्र प्रहरी बल, नेपाल नं. ६ महेश्वरी बाहिनी मुख्यालय, बाङ्गेसिमल, सुर्खेत। | ९८५१२७२०२६ |
| ७. | सशस्त्र प्रहरी बल, नेपाल नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय, अत्तरिया, कैलाली। | ९८५१२७२०२७ |

**(ख) सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड) पदका लागि :-**

| सि.नं. | दरखास्त फाराम संकलन गर्ने कार्यालय | सम्पर्क नं. |
|---|---|---|
| १. | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोक, स्वयम्भु, काठमाडौँ। | ०१-५२४९०२४ |

५. **नियुक्ति हुनका लागि आवश्यक न्यूनतम योग्यता:-**

| सि.नं. | पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| १. | **सशस्त्र प्रहरी निरीक्षक** | (क) विज्ञापन प्रकाशित भएको दिन २१ वर्ष पूरा गरी २५ वर्ष ननाघेको (जन्म मिति २०५५।०९।२० गतेदेखि मिति २०५९।०९।२० गतेसम्म),<br>(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको,<br>(ग) पुरुषको हकमा उचाई कम्तीमा पाँच फिट दुई इन्च र तौल कम्तीमा ५० के.जी. तथा महिलाको हकमा उचाई कम्तीमा पाँच फिट र तौल कम्तीमा ४२ के.जी. भएको,<br>(घ) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको,<br>(ङ) पुरुषको हकमा छाती नफुलाउँदा कम्तीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको (महिलाका लागि नपर्ने),<br>(च) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>(छ) प्रधान कार्यालयले तोकेको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको (परीक्षाको क्रममा सञ्चालन हुने),<br>(ज) आफूले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार बाहेकका अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतबाट राम्रो चरित्रको सिफारिश पाएको,<br>(झ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,<br>(ञ) दरखास्त दिँदाका बखत राजनीतिक दलको सदस्य नरहेको,<br>(ट) आतङ्ककारी संगठनको सदस्य नरहेको,<br>(ठ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको,<br>(ड) मानव अधिकार र मानवीय कानुनको उल्लङ्घनमा सजाय नपाएको,<br>(ढ) नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको। |
| २. | **सशस्त्र प्रहरी सहायक निरीक्षक** | (क) विज्ञापन प्रकाशित भएको दिन १८ वर्ष पूरा भई २३ वर्ष ननाघेको (जन्म मिति २०५७।०९।२० गतेदेखि मिति २०६२।०९।२० गतेसम्म),<br>(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र तह वा सो सरहको (+२) उपाधि प्राप्त गरेको,<br>(ग) सशस्त्र प्रहरी निरीक्षक पदको (क) र (ख) बाहेकको अन्य योग्यता भएको। |
| ३. | **सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड)** | (क) विज्ञापन प्रकाशित भएको दिन १८ वर्ष पूरा भई २५ वर्ष ननाघेको (जन्म मिति २०५५।०९।२० गतेदेखि मिति २०६२।०९।२० गतेसम्म),<br>(ख) साधारण लेखपढ गर्न जानेको,<br>(ग) पुरुषको हकमा उचाई कम्तीमा पाँच फिट र तौल कम्तीमा ५० के.जी. तथा महिलाको हकमा उचाई कम्तीमा चार फिट दश इन्च र तौल कम्तीमा ४२ के.जी. भएको,<br>(घ) पुरुषको हकमा छाती नफुलाउँदा कम्तीमा ३० इन्च र फुलाउँदा ३२ इन्च भएको (महिलाका लागि नपर्ने),<br>(ङ) सशस्त्र प्रहरी निरीक्षक पदको (क), (ख), (ग) र (ङ) बाहेकको अन्य योग्यता भएको। |

६. **राजश्व दस्तुर** :-

| सि.नं. | पद | दस्तुर |
|---|---|---|
| १. | **सशस्त्र प्रहरी निरीक्षक** | दरखास्त फाराम बुझाउँदा रु.१२००।- (एक हजार दुई सय) बुझाउनु पर्ने छ। समावेशी समूहतर्फ समेतको दरखास्त फाराम बुझाउँदा थप समूहका लागि प्रति समूह परीक्षा दस्तुरको २०% (रु. २४०।-) थप दस्तुर बुझाउनु पर्ने छ एवं उक्त दस्तुरबापतको शुल्क **सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयको राजश्व खाता नं.** १०००१००२०००१००००, **कार्यालयको कोड** ३१४०५३५०७, **राजश्व शीर्षक नं.** १४२२४ मा राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय कार्यालयमा रहेको खातामा जम्मा गर्नु भई सो को सक्कल भौचर तथा प्रतिलिपि १/१ प्रति दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ। |
| २. | **सशस्त्र प्रहरी सहायक निरीक्षक** | दरखास्त फाराम बुझाउँदा रु ५००।- (पाँच सय) बुझाउनु पर्ने छ। समावेशी समूहतर्फ समेतको दरखास्त फाराम बुझाउँदा थप समूहका लागि प्रति समूह परीक्षा दस्तुरको २०% (रु. १००।-) थप दस्तुर बुझाउनु पर्ने छ। सम्बन्धित भर्ना केन्द्रहरूले तोकेको **राजश्व बैंक खाता नं., कार्यालय कोड र राजश्व शीर्षक नं.** मा जम्मा गर्नु भई सो को सक्कल भौचर तथा प्रतिलिपि १/१ प्रति दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ। |
| ३. | **सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड)** | दरखास्त फाराम बुझाउँदा रु २००।- (दुई सय) बुझाउनु पर्ने छ। समावेशी समूहतर्फ समेतको दरखास्त फाराम बुझाउँदा थप समूहका लागि प्रति समूह परीक्षा दस्तुरको २०% (रु. ४०।-) थप दस्तुर बुझाउनु पर्ने छ एवं उक्त दस्तुरबापतको शुल्क **सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयको राजश्व खाता नं.** १०००१००२०००१००००, **कार्यालयको कोड** ३१४०५३५०७, **राजश्व शीर्षक नं.** १४२२४ मा राष्ट्रिय वाणिज्य बैंक लि., केन्द्रीय कार्यालयमा रहेको खातामा जम्मा गर्नु भई सो को सक्कल भौचर तथा प्रतिलिपि १/१ प्रति दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ। |

७. दरखास्त साथ विज्ञापनमा उल्लेख भएका देहायका कागजातहरू सक्कलै प्रति साथमा ल्याई उम्मेदवार आफैँले प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ, केरमेट तथा दोहोरो लेखिएको प्रमाणपत्रहरू मान्य हुने छैन।

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति।

(ख) हालसालै खिचेको पासपोर्ट साइजको दुवै कान देखिने फोटो ३ (तीन) प्रति।

(ग) विज्ञापन भएको पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति। (प्रत्येक तहको चारित्रिक,स्थायीवाप्रोभिजनलप्रमाणपत्ररमार्कसिटसहितथानेपालबाहिरअध्ययनगरेकोहकमात्रि.वि.वि.बाटसमकक्षतानिर्धारणको प्रमाणपत्र (Equivalent Certificate)।

(घ) अमर/अशक्त सशस्त्र प्रहरी कर्मचारीहरूको सन्ततिहरूका लागि अमर/अशक्त भएको पुष्टि हुने कागजपत्र र नाता प्रमाणित कागजपत्र १ (एक) प्रति।

(ङ) आदिवासी/जनजातिका लागि नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति।

(च) मधेसीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमका संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति।

(छ) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित पत्रको प्रतिलिपि १ (एक) प्रति।

(ज) पिछडिएका क्षेत्रका लागि अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास गर सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट दरखास्त बुझाउँदाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भन्ने सिफारिश गरिएको पत्रको सक्कल प्रति।

८. **परीक्षा विधि** :-

(क) प्रारम्भिक शारीरिक परीक्षण,
(ख) शारीरिक सहिष्णुता परीक्षा,
(ग) विस्तृत स्वास्थ्य परीक्षण,
(घ) आई.क्यु. परीक्षा (सशस्त्र प्रहरी निरीक्षक पदका लागि),
(ङ) लिखित परीक्षा (सशस्त्र प्रहरी निरीक्षक र सशस्त्र प्रहरी सहायक निरीक्षक पदका लागि),
(च) प्रयोगात्मक परीक्षा (सशस्त्र प्रहरी परिचर पदका लागि),
(छ) गुणमापक परीक्षा (सशस्त्र प्रहरी निरीक्षक पदका लागि),
(ज) विशेष स्वास्थ्य परीक्षण,
(झ) अन्तर्वार्ता।

**पुनश्च:-**

(क) रित नपुगेका र म्यादभित्र राजश्व दस्तुर नतिरेका दरखास्त फाराम दर्ता हुने छैन।

(ख) सशस्त्र प्रहरी निरीक्षक पदका लागि बुँदा नं. ४ (क) मा उल्लेखित जुनसुकै कार्यालयहरूमा दरखास्त फाराम बुझाए तापनि सम्पर्क लगायत सम्पूर्ण छनौट परीक्षाहरू **सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय, भर्ना तथा छनौट शाखा**मा हुनेछ।

(ग) सशस्त्र प्रहरी सहायक निरीक्षक पदका लागि बुँदा नं. ४ (क) मा आफूलाई पायक पर्ने उल्लेखित सशस्त्र प्रहरी बल, नेपालको जुनसुकै कार्यालय/स्थानबाट दरखास्त फाराम दर्ता गर्न सकिने छ। सम्पर्क लगायत प्रारम्भिक शारीरिक परीक्षणदेखि लिखित परीक्षासम्म **दरखास्त फाराम दर्ता गरिएका सम्बन्धित कार्यालयहरूमा** नै परीक्षा सञ्चालन हुनेछ। लिखित परीक्षाको नतिजा प्रकाशन लगायत सो भन्दा पछिका परीक्षाहरू **सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय मानवश्रोत विभाग, मानवस्रोत निर्देशनालय, भर्ना तथा छनौट शाखा**मा हुनेछ।

(घ) सशस्त्र प्रहरी निरीक्षक र सशस्त्र प्रहरी सहायक निरीक्षक पदमा अनलाईन मार्फत दरखास्त फाराम दर्ता गराइएका उम्मेदवारहरूले आफूले फाराम दर्ता गराए पश्चात मिति २०८०।११।०२ गतेभित्र तथा सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड) पदमा अनलाईन मार्फत दरखास्त फाराम दर्ता गराएका उम्मेदवारहरूले आफूले फाराम दर्ता गराए पश्चात मिति २०८०।१०।२४ गतेभित्र उपयुक्त समयमा तोकिएका कार्यालयमा सम्पर्क गर्न आई आफूले म्यादभित्र भरेको दरखास्त फाराम डाउनलोड गरी प्रिन्ट गरेको प्रति, तोकिएको राजश्व बैंक खाता नं., कार्यालय कोड र राजश्व शीर्षक नं. मा राजश्व जम्मा गरेको भौचरको सक्कल प्रति, आफूले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार बाहेकका अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतबाट राम्रो चरित्रको सिफारिश, रु. १० को टिकट र बुँदा नं. ७ मा उल्लेख भए अनुसारका सम्पूर्ण कागजातहरू लिई अनिवार्य रूपमा उम्मेदवार स्वयं उपस्थित भई प्रवेशपत्र लिनु पर्नेछ। यदि उल्लेखित मितिमा उपस्थित नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ।

(ङ) उम्मेदवारहरूले प्रत्येक चरणको परीक्षामा उपस्थित हुँदा प्रवेशपत्र र नागरिकताको सक्कल प्रति साथमा लिएको हुनु पर्नेछ।

(च) प्रत्येक चरणको परीक्षा समाप्ती पश्चात नतिजा प्रकाशन गरिने छ, उत्तीर्ण उम्मेदवारहरूलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ।

(छ) परीक्षा सञ्चालन गर्दा खुला तथा समावेशीतर्फ एउटै परीक्षा सञ्चालन गरिने छ र निजहरूले प्राप्त गरेको अङ्कको आधारमा समावेशीतर्फ उम्मेदवारहरू बीचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

(ज) बुँदा नं. ६ मा उल्लेखित राजश्व दस्तुर शुल्कको अतिरिक्त उमेदवारहरूको विस्तृत र विशेष स्वास्थ्य परीक्षण गर्दा तोकिएबमोजिम थप शुल्क लाग्नेछ।

(झ) बुँदा नं. ८ (घ) र (ङ) मा उल्लेखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ।

(ञ) लिखित र अन्तर्वार्ता परीक्षाको नतिजा निम्नानुसारको क्रममा प्रकाशन गरिनेछ।

(क) खुला (ख) महिला (ग) आदिवासी जनजाति (घ) मधेसी
(ङ) दलित (च) पिछडिएको क्षेत्र (छ) अमर/अशक्त स.प्र.क. सन्तति

(ट) प्रारम्भिक शारीरिक परीक्षणको बखत आउँदा उम्मेदवारहरूले अनिवार्य रूपमा दुवै कान देखिने गरी कपाल छोटो काटेको हुनु पर्नेछ (पुरुषका लागि मात्र)।

(ठ) छनौट परीक्षाको अवधिभर कुनै किसिमको दुर्घटना भएमा सो को जिम्मेवार उम्मेदवार स्वयं हुनेछ।

(ड) सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम १२ को उपनियम (५) बमोजिम सशस्त्र प्रहरी निरीक्षक र सशस्त्र प्रहरी सहायक निरीक्षक पदका लागि लिखित परीक्षाको नतिजा प्रकाशन हुनु भन्दा अघिसम्म र सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड) पदका लागि अन्तर्वार्ताको नतिजा प्रकाशन नहुँदासम्म रिक्त हुन आएका पदहरूलाई सोही विज्ञापनमा समावेश गर्न सकिनेछ।

(ढ) नियुक्ति पाएपछि सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयबाट निर्धारण गरेको पाठ्यक्रम अनुसारको सम्बन्धित दर्जाको आधारभूत तालिम गर्नु पर्नेछ।

**नोट** :-

(१) सशस्त्र प्रहरी सेवाका राजपत्र अनङ्कित कर्मचारीहरूको हकमा ३० (तीस) वर्ष (जन्म मिति २०५०।०९।२० गतेसम्म) ननाघेको व्यक्ति उम्मेदवार हुन सक्ने छन्। त्यस्ता विभागीय उम्मेदवारहरूको हकमा सम्बन्धित दर्जाको आधारभूत तालिम अनिवार्य सम्पन्न गरेको हुनु पर्नेछ।

(२) अनलाइन माध्यमबाट दरखास्त फाराम भर्नका लागि उम्मेदवारहरूले https:bharna.apf.gov.np/ मा गई दरखास्त फाराम भर्न सकिनेछ। Online दरखास्त फाराम भर्दा कुनै द्विविधा भएमा टेलिफोन नं. ९८५१२७२५८४ मा सम्पर्क गर्न सकिनेछ।

(३) साधारण समूह, साधारण उपसमूहतर्फ सम्बन्धित पदहरूको पाठ्यक्रम, अनलाइन आवेदन दिने दरखास्त फाराम तथा परीक्षा सञ्चालन हुने मिति, समय, स्थान र परीक्षाको नतिजा लगायतका विवरणहरू सशस्त्र प्रहरी बल, नेपालको वेभसाइट www.apf.gov.np, टोल फ्रि नं. १११४ एवं आधिकारिक Facebook Page: Armed Police Force, Nepal बाट समेत जानकारी लिन सकिनेछ।

**सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय,**
**मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय,**
**भर्ना तथा छनौट शाखा,**
**हलचोक, काठमाडौँ।**